सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण




अवधि- २०८२ साल श्रावण देखि २०८३ असार सम्म

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश।

## १. मुख्यमन्त्री कार्यालयको परिचय

नेपालको संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। सोही व्यवस्था बमोजिम मधेश प्रदेशमा वि.स. २०७४ फाल्गुन ३ गते पहिलो पटक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ सदस्यीय मन्त्रिपरिषद् गठन भई कार्य प्रारम्भ भएको हो। हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मधेश प्रदेशमा कुल १२ वटा मन्त्रालय रहेका छन् (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित)। प्रदेशको स्थायी राजधानी जनकपुरधाम रहेको छ।

यस कार्यालय प्रदेश सरकारको प्रमुख कार्यकारी निकाय हो। यसले मन्त्रिपरिषद्को बैठक व्यवस्थापन, निर्णय कार्यान्वयन, प्रदेश सरकारका नीति तथा कार्यक्रमको समन्वय, प्रशासनिक सेवा व्यवस्थापन, अन्तर-तह समन्वय, तथा प्रदेशका अन्य मन्त्रालयहरूबीच एकताको काम गर्दछ। नेपालको संविधानको धारा १७४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्ले कार्यविभाजन नियमावली बनाई कार्यसम्पादन गर्दै आएको छ। हाल **मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली,** २०८० लागू छ।

प्रदेशको सामाजिक, आर्थिक र प्रशासनिक विकासमा यस कार्यालयको भूमिका महत्त्वपूर्ण छ। आ.व. २०८२/८३ मा हालसम्म भएका कार्यहरूको यो प्रगति प्रतिवेदनले प्रशासनिक व्यवस्थापन, गुनासो निवारण, अन्तर-तह समन्वय, नीति निर्माण, तथा विकास आयोजनाको अनुगमनजस्ता विषयहरू समेटेको छ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार


मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र देहाय बमोजिम तोकिएको छ।

- प्रदेश मन्त्रिपरिषद्को सम्बन्धी कार्य,
- प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाको लागि मन्त्रालयलाई निर्देशन, स्वीकृत, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश सरकारको कार्यविभाजन नियमावली तर्जुमा, कार्यान्वयन र अनुगमन,
- प्रदेशका मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, नियन्त्रण, अनुगमन र मूल्याङ्कन,
- प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन,

- विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृत,अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषद्बाट जारी गर्ने,
- प्रदेशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको आवधिक जानकारी लिएर सोको सम्बोधन।
- शासकीय सुधार, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रदेश निजामती सेवाको सुधार,संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोग,प्रदेश कानून बमोजिम गठित निकायसँगको सम्पर्क र समन्वय,
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,
- प्रदेश निजामती सेवा पुरस्कार,
- प्रदेशस्तरका आयोग वा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी कानूनको तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानून तर्जुमा एवम् कार्यान्वयन,
- कर्मचारीहरूको अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन समीक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण, स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि समीक्षण तथा सेवा प्रवाहको अनुगमन,
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,
- संघ र स्थानीय तहसँगको समन्वयमा कानूनी अनुसन्धान र कानूनी सहायता।
- स्थानीय तहका न्यायिक समितिहरूको क्षमता विकास, सम्बन्ध, सहयोग र सहकार्य,
- स्थानीय तहहरूको कानून निर्माणमा क्षमता विकास, सहयोग र सहकार्य,
- प्रदेश कानून तर्जुमाको सम्बन्धमा समितिको गठन र सो सम्बन्धी विधि निर्माण र कार्यान्वयन,
- सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा समन्वय तथा अनुगमन,
- राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसँग सम्बन्धित अन्य निकायहरूसँगको समन्वय, सम्बन्ध र सहकार्य,

- मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धनका सम्बन्धमा अनुगमन र प्रतिवेदन,
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धि सम्झौताहरूको अभिलेख व्यवस्थापन र कार्यान्वयन,
- निर्वाचन कार्यमा सहयोग र समन्वय।

## ३. कार्यालयको संगठन संरचना



## ४. कार्यालयको स्वीकृत दरबन्दी

| क्र.स. | सेवा/समूह | तह/पद | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन/ सामान्य प्रशासन | बिशिष्ट श्रेणी | १ | |
| २ | प्रशासन/ सामान्य प्रशासन | रा.प. प्रथम | २ | |
| ३ | न्याय/कानून | रा.प. प्रथम | १ | |
| ४ | प्रशासन/ सामान्य प्रशासन | नवौं/दशौं | ४ | |
| ५ | न्याय/कानून | नवौं/दशौं | १ | |
| ६ | प्रशासन/ सामान्य प्रशासन | सातौं/आठौं | ८ | |
| ७ | प्रशासन/ लेखा | सातौं/आठौं | १ | |
| ८ | कानुन | सातौं/आठौं | १ | |
| ९ | प्रशासन/सा.प्र./विविध | पाँचौं/छैठौं | १५ | |
| १० | प्रशासन/ सामान्य प्रशासन | चौथौं | १ | |
| ११ | प्रशासन/लेखा | चौथौं | १ | |
| १२ | प्रशासन/ सामान्य प्रशासन | श्रेणी विहिन | १८ | |

## ५. कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी

| क.सं. | कर्मचारीको नाम | पद/श्रेणी/तह | सेवा/समुह/उपसमुह | महाशाखा/शाखा/ ईकाई | कै. |
|---|---|---|---|---|---|
| १ | शोभाकान्त पौडेल | प्रमुख सचिव/विशिष्ट श्रेणी | प्रशासन सेवा | | |
| २ | महेश बराल | प्रदेश सचिव/रा.प. प्रथम श्रेणी | प्रशासन सेवा | शासकीय सुधार महाशाखा | |
| ३ | पार्वती शर्मा | प्रदेश सचिव/रा.प. प्रथम श्रेणी | प्रशासन सेवा | प्रशासन महाशाखा | |
| ४ | नूतन झा | प्रदेश सचिव (कानून)/रा.प. प्रथम श्रेणी | न्याय/कानून | कानुन महाशाखा | |
| ५ | रोहित कुमार कोईराला | उपसचिव/अधिकृत नवौं | प्र./सा.प्र. | प्रशासन शाखा | |
| ६ | बबली मेहता | उपसचिव/अधिकृत नवौं | प्र./सा.प्र. | शासकीय सुधार शाखा | |
| ७ | निर्मला खड्का | लेखा अधिकृत/अधिकृत आठौं | प्रशासन/लेखा | आर्थिक प्रशासन | |
| ८ | मिथिलेश कुमार महतो | शाखा अधिकृत/अधिकृत सातौं | प्र./सा.प्र. | बढुवा ईकाई | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | मनोज कोइराला | शाखा अधिकृत/अधिकृत सातौं | प्र./सा.प्र. | शासकीय सुधार तथा समन्वय ईकाइ/ योजना तथा अनुगमन | |
| १० | राज कुमार के.सी | शाखा अधिकृत/अधिकृत सातौं | प्र./सा.प्र. | बैठक ईकाई | |
| ११ | निरज श्रीवास्तव | शाखा अधिकृत/अधिकृत सातौं | प्र./सा.प्र. | प्रदेश निजामती किताबखाना | |
| १२ | बिद्या तामाङ | शाखा अधिकृत/अधिकृत सातौं | प्र./सा.प्र. | स्थानीय प्रशासन ईकाई | |
| १३ | विकाश चन्द्र थापा क्षेत्री | शाखा अधिकृत/अधिकृत सातौं | प्र./सा.प्र. | कर्मचारी प्रशासन ईकाई (प्रदेश) | |
| १४ | उर्मिला रोक्का | कानून अधिकृत/अधिकृत सातौं | कानून/कानून | कानून ईकाई | |
| १५ | प्रभाव तिमल्सीना | शाखा अधिकृत/अधिकृत सातौं | प्र./सा.प्र. | आन्तरिक व्यवस्थापन | |
| १६ | सजेश राज नेपाल | पुरातत्व अधिकृत/अधिकृत सातौं | शिक्षा/शिक्षा प्रशासन | PLGSP | |
| १७ | राम अशिष राय | क.अधिकृत/अधिकृत छैठौं | विविध | जिन्सी शाखा | |
| १८ | संकल्प सौरभ | नायब सुब्बा/सहायक पाँचौं | प्र./सा.प्र. | बैठक ईकाई | |
| १९ | अमर किशोर साह कानु | नायब सुब्बा/सहायक पाँचौं | प्र./सा.प्र. | स्थानीय प्रशासन ईकाई | |
| २० | नविन कुमार सिंह | नायब सुब्बा/सहायक पाँचौं | प्र./सा.प्र. | कर्मचारी प्रशासन ईकाई | |
| २१ | पंकज कुमार यादव | नायब सुब्बा/सहायक पाँचौं | प्र./सा.प्र. | बढुवा/का.स.मु. | |
| २२ | पुनम कुमारी विन | नायब सुब्बा/सहायक पाँचौं | प्र./सा.प्र. | कानून इकाई | |
| २३ | एश्वर्या कुमारी झा | नायब सुब्बा/सहायक पाँचौं | प्र./सा.प्र. | कर्मचारी प्रशासन इकाई | |
| २४ | विशाल कुमार कुशवाहा | कम्प्युटर अपरेटर/सहायक पाँचौं | विविध | सूचना संचार शाखा | |
| २५ | संजिता कुमारी रजक | नायव सुब्बा/सहायक पाँचौं तह | प्र./सा.प्र. | शासकीय सुधार | |
| २६ | ओम कुमार मण्डल | नायब सुब्बा/सहायक पाँचौं तह | प्र./सा.प्र. | प्रदेश निजामती किताबखाना | |
| २८ | लक्ष्मेश्वर कामती | नायब सुब्बा/सहायक पाँचौं तह | प्र./सा.प्र. | प्रमुख सचिवको सचिवालय | |
| २९ | संगिता कुमारी यादव | नायब सुब्बा/सहायक पाँचौं तह | प्र./सा.प्र. | प्रदेश निजामती किताबखाना | |
| ३० | प्रिया मिश्रा | खरिदार/सहायक चौथो | प्र./सा.प्र. | दर्ता /चलानी | |

## ६. कार्यालयबाट सम्पादन भएका कामको विवरण

### ६.१ प्रशासन महाशाखाबाट सम्पादित कामको विवरण

खुला तथा समावेशी नियुक्ति एवम् पदस्थापन (आ.ब. २०८२/८३ मा)

| वि.नं. | सेवा/समूह | तह/पद | संख्या | निर्णय मिति | कै. |
|---|---|---|---|---|---|
| ६८-७२/०८१-०८२ | प्रशासन/सामान्य प्रशासन | सहायक पाँचौं/ना. सु. | ९ | २०८२।०५।३१ | |
| ९४-१०१/०८१-०८२ | प्रशासन/सामान्य प्रशासन | सहायक चौथौं/खरिदार | २७ | २०८२।०७।१२ | |
| ३८-४४/०८१-८२ | प्रशासन/सामान्य प्रशासन | अधिकृत सातौं/शा.अ. | २२ | २०८२।०३।३१ | |
| ३८/४०/०८१-८२ | प्रशासन/सामान्य प्रशासन | अधिकृत सातौं/शा.अ. | ४ | २०८२।०९।१७ | बै.सि. |
| ६८/७०/०८१-८२ | प्रशासन/सामान्य प्रशासन | सहायक पाँचौं/ना.सु. | २ | २०८२।११।१५ | बै.सि. |
| १३-१७/०८२-८३ | प्रशासन,राजस्व,ईन्जिनियरिङ सेवा | अधिकृत नवौं | ५ | २०८२।१२।११ | |
| २५-०८०/०८१ | ईन्जा./जियो.हाईड्रो. | अधिकृत नवौं | १ | २०८३।०२।१२ | पदस्थापन |
| २९-३५/०८२-०८३ | प्र./सा.प्र. | अधिकृत सातौं/शा.अ. | ६ | २०८३।०२।२२ | |

बढुवा/स्तरवृद्धि नियुक्ति तथा पदस्थापन(आ.ब. २०८२/८३ मा)

| सेवा/समूह | तह | संख्या | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|
| प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं | १० | २०८२।०४।२५ | स्तरवृद्धि |
| प्रशासन/सामान्य प्रशासन | सहायक चौथौं | ३ | २०८२।११।१४ | बढुवा |
| प्रशासन/सामान्य प्रशासन | अधिकृत दशौं | २ | २०८२।१२।१८ | स्तरवृद्धि |
| ईन्जिनियरिङ/सिभिल | अधिकृत दशौं | २ | २०८२।१२।१८ | स्तरवृद्धि |
| ईन्जिनियरिङ/सिभिल | अधिकृत दशौं | २ | २०८२।१२।०८ | स्तरवृद्धि |
| प्रशासन/सामान्य प्रशासन | अधिकृत आठौं | १ | २०८२।१२।१० | स्तरवृद्धि |

| | | | | |
|---|---|---|---|---|
| शिक्षा/शिक्षा प्रशासन | अधिकृत एघारौं | १ | २०८२।१२।११ | बढुवा |
| ईन्जिनियरिङ/सिभिल | अधिकृत नवौं | १ | २०८२।१२।११ | बढुवा |
| वन/ज.फ., स्वा. | अधिकृत नवौं | २ | २०८२।१२।११ | बढुवा |
| कृषि सेवा | अधिकृत नवौं | ३ | २०८३।०३।३१ | बढुवा |
| प्रशासन/सामान्य प्रशासन | अधिकृत दशौं | १ | २०८३।०२।२० | स्तरवृद्धि |
| प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं | १ | २०८३।०३।२५ | स्तरवृद्धि |
| स्वास्थ्य सेवा | अधिकृत दशौं | १३ | २०८३।०४।०६ | स्तरवृद्धि |
| प्राविधिक | अधिकृत दशौं | ९ | २०८३।०४।०६ | स्तरवृद्धि |
| प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं | २ | २०८३।०२।२७ | स्तरवृद्धि |
| प्राविधिक | अधिकृत दशौं | ६ | २०८३।०१।१५ | स्तरवृद्धि |

प्रदेश तहमा सरुवा/कामकाज/थप जिम्मेवारीमा खटाईएको

| निर्णय मिति | सरुवा | कामकाज | थप जिम्मेवारी |
|---|---|---|---|
| २०८२।०६।२२ | ४ | | |
| २०८२।०७।१९ | १ | | |
| २०८२।०८।१२ | २ | | |
| २०८२।०९।०६ | २ | | |
| २०८२।०९।२९ | | १ | |
| २०८२।१०।०२ | ३ | २ | |
| २०८२।१०।०२ | २ | | |
| २०८२।१०।०२ | ४ | ३ | |
| २०८२।१०।०२ | २९ | १ | |
| २०८२।१२।०८ | २ | | |
| २०८२।१२।०९ | २ | ५ | |
| २०८३।०१।३० | | १ | |
| २०८३।०२।०६ | | १ | |
| २०८३।०२।२५ | १ | | |
| २०८३।०२।२७ | | १ | |
| आ.व. ०८२/०८३ को विभिन्न मितिमा | | | करिब ५जना |

## अन्य कार्य विवरणहरु

१. अनिवार्य अवकाश स्वीकृति – ४६ जना

२. राजीनामा स्वीकृति – ३ जना

३. एक श्रेणी माथिको पदमा बढुवा – ६ जना

४. तालिमका लागि मनोनयन – १९ पटक (ACDM/PCDM/SEDP/अध्ययन मनोनयन/वैदेशिक तालिम/कार्यक्रम/PRTC)

५. संघीय निकायबाट प्रादेशिक निकायमा कामकाजका लागि सहमती एवम् खटनपटन – ४ जना

६. असाधारण पारिवारिक वृत्ति/शैक्षिक सन्तति वृत्तिका लागि सिफारिस- ३ जना

## मन्त्रिपरिषद् बैठक तथा निर्णय कार्यान्वयन

२०८२ असोजदेखि २०८३ असार मन्त्रिपरिषद्का बैठकबाट जम्मा १११ वटा निर्णय भएको छ। साथै निर्णय कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा नियमित पत्राचार तथा अनुगमन गरिएको। उक्त बैठकहरुमा भएका प्रमुख निर्णयहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ।

प्रमुख निर्णयहरू:

१. असोज (१६ निर्णय): आन्दोलनका सहिद परिवारलाई थप राहत, जेन्जी प्रदर्शनका माग सम्बोधन, हस्तान्तरित अस्पतालमा दरबन्दी स्वीकृत।

२. मंसिर (२४ निर्णय): सुख्खा प्रभावित किसानलाई प्रति कठ्ठा रु. १५०० राहत, बेरोजगार युवालाई मासिक रु. २००० भत्ता, दलित तथा मुस्लिम विद्यार्थीलाई स्नातकोत्तरमा रु. १,००,००० छात्रवृत्ति।

३. पौष (११ निर्णय): सूचनाको हक अनुगमनका लागि प्रदेश अनुगमन इकाई गठन, सामाजिक विकास इकाइमा दरबन्दी स्वीकृत।

४. माघ (८ निर्णय): 'मधेश प्रदेश विकास आयोजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८१' राजपत्र प्रकाशन स्वीकृति, नीति आयोगको उपाध्यक्ष नियुक्ति, रामजानकी रंगशाला निर्माणका लागि संघीय सरकारसँग बजेट माग।

५. फाल्गुन- बैठक नबसेको

६. चैत्र (६ निर्णय)- मधेश प्रदेश शशर्त अनुदान सम्बन्धि कार्यविधि,२०८२ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने, मधेश प्रदेश खेलकुद विकास नियमावली, २०८२ स्वीकृत गर्ने, २०८३ सालको प्रदेशमा थप सार्वजनिक विदा स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने।

७. २०८३ बैशाख (१४ निर्णय)- प्रदेश सभा आव्हान तथा अन्त्य, विभिन्न विधेयक र निर्देशिका स्वीकृत, सरुवा पदस्थापना तथा जिम्मेवारी हेरफेर र नियुक्ति

८. २०८३ जेठ (१० निर्णय)- विनियोजन विधेयक २०८३ प्रदेश सभामा पेश गर्न स्वीकृती, स्वकीय सचिवालयको संगठन संरचना पुनरावलोकलन गर्न अध्ययन समिति गठन।

९. २०८३ असार (२२ निर्णय)- मधेश प्रदेशको आ.ब. २०८३/८४ को बार्षिक बजेट, आर्थिक विद्येयक र विनियोजन विद्येयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने, मन्त्रिपरिषद् समितिहरु पुनर्गठन गर्ने, विभिन्न मन्त्रालयको O and M सर्वेक्षण गर्न पुर्व स्वीकृती प्रदान गर्ने, प्रदेश नीति तथा योजना आयोगको सदस्य नियुक्ति,विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोशाक सुविधा प्रदान गर्ने कार्यविधि,२०८३ स्वीकृत गर्ने, प्रदेश सरकार मातहतका आयोग, बोर्ड, प्रतिष्ठान, समिति लगायतका निकायहरुको पुनरावलोकन गर्न उच्चस्तरिय समिति गठन।

बढुवा/स्तरवृद्धि (बढुवा समितिको सचिवालयबाट भएका)

| सेवा/समूह | तह | पद संख्या |
|---|---|---|
| शिक्षा/ शिक्षा प्रशासन | अधिकृत एघारौ | १ |
| इन्जिनियरिङ्ग/सिभिल/ जनरल | अधिकृत नवौ | १ |
| वन/ जनरल फरेष्ट्री | अधिकृत नवौ | १ |
| वन/ स्वायल एण्ड वाटर कन्जरभेसन | अधिकृत नवौ | १ |
| कृषि/ ला.पो.डे.डे. | अधिकृत नवौ | १ |
| कृषि/ प्रसार | अधिकृत नवौ | १ |
| कृषि/ भेटेरिनरी | अधिकृत नवौ | १ |
| प्रशासन/ सामान्य प्रशासन | सहायक चौथो | ३ |
| प्रशासन/ सामान्य प्रशासन | अधिकृत सातौं | ७ |
| विभिन्न सेवा समूह | अधिकृत दशौं तह (२०८२ माघ १ देखि लागु हुने गरी) | २२ |
| विभिन्न सेवा समूह | अधिकृत दशौं तह (२०८३ साउन १ देखि लागु हुने गरी) | २२ |
| प्रशासन/ सामान्य प्रशासन | अधिकृत आठौं (२०८२ माघ १ देखि लागु हुने गरी) | १ |
| विभिन्न सेवा समूह | अधिकृत छैठौं (२०८२ माघ १ देखि लागु हुने गरी) | ८ |
| विभिन्न सेवा समूह | अधिकृत छैठौं (२०८२ साउन १ देखि लागु हुने गरी) | १ |
| स्थानीय सेवाका विभिन्न सेवा समूह | अधिकृत नवौं | ५ |

| | | |
|---|---|---|
| स्थानीय सेवाका स्थानीय प्रशासन सेवा | अधिकृत सातौं | १ |

## स्थानीय प्रशासनसँग सम्बन्धित कामको विवरण

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अन्तर स्थानीय तह थप जिम्मेवारी | ९ | |
| २ | अन्तर स्थानीय तह सरुवा | ८५ | |
| ३ | अन्तर स्थानीय तह कामकाज | २ | |
| ४ | अन्तर स्थानीय तह काज फिर्ता | ४ | |
| ५ | कामकाज रहेको स्थानीय तहमा सरुवा (पदस्थापन) | १४ | |
| ६ | स्तरबृद्धि/बढुवा सम्बन्धी प्रदेश लोक सेवा आयोगसँग राय परामर्श माग | | |
| ७ | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को संशोधनको लागी तयारी गर्नको लागी समिति गठन | | |
| ८ | अन्तर स्थानीय तह सरुवा मापदण्ड तर्जुमा गर्नकोलागि समिति गठन | | |
| ९ | अनिवार्य अवकाश सम्बन्धि विषयमा मधेश प्रदेशका सम्पुर्ण स्थानीय तहहरुलाई परिपत्र | | |
| १० | ३ जना स्थानीय तहका कर्मचारीहरुको अनिवार्य अवकाश | | |
| ११ | मधेश प्रदेशका स्थानीय तहहरुको दरबन्दि विवरण माग गरिएको। | | |

## ६.२ शासकिय सुधार महाशाखाबाट सम्पादित कार्यहरुको विवरण

### प्रदेश निजामती किताबखाना तर्फको कार्यप्रगति

| क्र.स. | सिटरोल विवरण | संख्या | विवरणको सम्बन्धमा अति सक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ दर्ता | ६१७ | प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएकाहरुको | |
| | | करिब १०० | स्थानीय तहका अन्य सेवाका कर्मचारीहरुको | |
| २ | फाईल रजिष्टरमा दर्ता भएको र रुजु भएको | ६०० | स्थानीय तहका अन्य सेवाका कर्मचारीहरुको | |
| | | करिब ५० | प्रदेश लोकसेवाबाट सिफारिस भएकाहरुको | |
| ३ | अद्यावधिक | १००० | प्रदेश लोकसेवा आयोग र | प्रदेशको |

| | | | | |
|---|---|---|---|---|
| | | | समायोजन भएकाहरुको | |
| | | २२०० | स्थानीय तहमा कार्यरत कर्मचारीको | स्थानीय तह |

सम्पति विवरण सम्बन्धि (आ.ब. २०८२/८३)

| क्र.स. | विवरण/पद | संख्या | विवरणको सम्बन्धमा अति सक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | पदाधिकारीहरुको | १३ | माननीय मुख्यमन्त्रि तथा मन्त्रीज्यूहरुको | |
| २ | कर्मचारीहरुको | १२ मन्त्रालय र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको आ.ब. २०८१/८२ को सम्पति विवरण दर्ता गरि अभिलेख राखिएको। | | |
| ३ | स्थानिय तहहरुको | १०८ वटा स्थानीय तहको आ.ब. २०८१/८२ को सम्पति विवरण दर्ता गरि अभिलेख राखिएको। | | |

गुनासो व्यवस्थापन सम्बन्धि

अख्तियार दूरुपयोग अनुसन्धान आयोग/कार्यालयबाट माग गरिएको विवरण(आ.ब. २०८२/८३)

| क्र.स. | मुख्य विवरण | संख्या | सम्बन्धित निकायलाई आवश्यक कारबाहिको लागफ लेखि पठाइएको संख्या | राय/जवाफ माग गरिएको संख्या | राय/जवाफ प्राप्त भएको संख्या | फछ्यौट भएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख सचिवज्यूलाई नै अधिकार प्रत्यायोजन गरी | ५९ | ३२ | २७ | १९ | १९ | विगत आ.ब.मा भएका कागजात माग भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आवश्यक कारबाहि गर्न लेखि आएको पत्रहरु | | | | | | तथा सरुवा/निमित्त दिइएका विषयहरुको कामको बढि आउने गरेको। |
| २ | कागजात माग गरिएको | १८ | - | | सबै पठाइ सकिएको | | |
| ३ | निर्णय कार्यान्वयन को लागी पठाएको | २ | | | २ | २ | रकमान्तरसँग सम्बन्धि र संसदिय छानविन समितिले दिएको सूझाव कार्यान्वयन को लागी |
| अभिलेख जम्मा | | ७९ | ३२ | ३७ | २१ | २१ | |

राष्ट्रिय सतर्कता केन्द्रबाट माग गरिएको विवरण (आ.ब. २०८२/८३)

| क्र.स. | मुख्य विवरण | संख्या | राय/जवाफ/कागजात प्राप्त/पठाइएको भएको संख्या | फछ्यौट भएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | राय सहित कागजात माग गरिएको | २ | २ | २ | सरुवा र सफ्टवेयर खरिद लगायत |
| २ | राय प्रतिक्रिया पठाउने | ९ | ९ | - | सम्बन्धित निकायलाई लेखि पठाइएको |
| जम्मा | | ११ | | | |

आ.ब. २०८२/८३ मा गुनासो सम्वन्धी विवरण(हेलो सरकार र व्यक्तिबाट माग भएको)

| क्र.स. | मुख्य विवरण | संख्या | सम्बन्धित निकायलाई आवश्यक कारबाहिको लागी लेखि पठाइएको संख्या | राय/जवाफ माग गरिएको संख्या | राय/जवाफ प्राप्त भएको संख्या | फछ्यौट भएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कर्मचारीसँग सम्बन्धित गुनासो | ३ | ३ | ० | ० | - | |
| २ | स्थानीय तहसँग सम्बन्धित | २ | २ | - | - | - | |
| ३ | भुक्तानिसँग सम्बन्धित | १ | १ | - | - | - | |
| ४ | सार्वजनिक निर्माण तथा प्राकृतिक स्रोतसँग सम्बन्धित | ३ | ३ | - | - | - | |
| ५ | श्रम/रोजगार सम्बन्धि | १ | १ | - | - | - | |
| ६ | सूझाव सम्बन्धि | ४ | ४ | - | - | - | |
| जम्मा संख्या | | १४ | १४ | | | | |
| विभिन्न समयमा सूचना अधिकारी र गूनासो सुन्ने अधिकारीहरुलाई फोन मार्फत प्राप्त गुनासो फोन मार्फत समेत फछ्यौट हुने गरेको | | | | | | | |

**राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाइएका विवरणहरु**

राष्ट्रिय योजना आयोगमा पठाइएका मुख्य एजेण्डाहरू देहाय बमोजिम रहेका छन-

- हुलाकी राजमार्ग अन्तर्गत कमला र बागमती नदीमा पुल निर्माण अघि बढाउन निर्णय।

- हुलाकी राजमार्गको बाँकी खण्ड निर्माणको प्रक्रिया अगाडि बढाउने।
- काठमाडौं-तराई मधेश द्रुतमार्गको निर्माण तीव्र बनाउने।
- सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय परियोजनाको निर्माण अगाडि बढाउने।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तत्काल सुरु गरी समयमै सम्पन्न गर्न संघीय सरकारले निर्णय लिने।
- प्रदेशभित्र उपयोगमा नरहेका सरकारी, पर्ती, ऐलानी, नदी उकास/बगर जग्गा संरक्षण एवं उपयोगको लागि प्रदेश सरकारलाई उपलब्ध गराउन सहज नीतिगत व्यवस्था।
- मधेश प्रदेशको साक्षरता दर वृद्धि गर्न विशेष सहायता प्याकेज।
- प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृत प्रदेश सरकारबाट खटाउने व्यवस्था (हाल संघले गरिरहेको)।
- वन सम्बन्धी मुद्दा हेर्ने अधिकार डिभिजनल वन अधिकृतलाई, सशस्त्र वनरक्षक परिचालन र गोली मिन्हा गर्ने अधिकार प्रदेशलाई दिने।
- कृषि अनुसन्धान केन्द्रहरू प्रदेशसँग सहकार्य गर्न अनिवार्य, संघीय फार्म/स्रोत केन्द्र प्रदेशलाई हस्तान्तरण, उखु अनुदान पुनरावलोकन।

**प्रशासनिक समन्वय परिषद्मा पठाइएका विवरणहरु**

प्रशासनिक समन्वय परिषद्को दोस्रो बैठकको निर्णय (नं. २) अनुसार संघ र प्रदेशबीच प्रशासनिक समन्वय र सहकार्यका लागि तयार गरिएको ११ बुँदे विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको। मुख्य विषय क्षेत्रहरू:

- नीति तथा कानून (कानून बाझिएको, नमुना कानून नआउने)
- संगठन तथा कर्मचारी प्रशासन (एकै प्रकृतिका कार्यालय, सेवा सर्तमा भिन्नता)
- वित्तीय संघीयता (राजस्व कमजोरी, कर बाँडफाँड ढिलो, अन्तरसरकारी समन्वय कमजोर)
- विकास आयोजना (जिम्मेवारी टकराव, सह-वित्तिय व्यवस्थामा ढिलो)
- सूचना प्रविधि तथा तथ्याङ्क (एकीकृत डाटा सेन्टर नहुनु, डेटा साझेदारी नीतिको अभाव)
- प्राकृतिक स्रोत (वन, खानीमा अधिकार स्पष्ट नहुनु)
- अनुगमन, मूल्याङ्कन तथा रिपोर्टिङ (मापदण्डमा एकरुपता नहुनु, दोहोरो अनुगमन)
- विपद् व्यवस्थापन तथा सुरक्षा (स्रोत साधन परिचालनमा समन्वय नहुनु)
- सामाजिक विकास/सुरक्षा (सेवा मापदण्ड फरक, दोहोरो खर्च)

- अन्तरप्रदेश समन्वय (नियमित बैठक र साझा निर्णय प्रणालीको अभाव)
- विविध (प्रदेश निजामती सेवा ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृत खटाउन नपाउने)

**सूचनाको हक कार्यान्वयन भए नभएको अनुगमन सम्बन्धि विवरण**

- प्रदेश सरकार(मन्त्रिपरिषद्) को मिति २०८२/०९/२५ गतेको बैठकबाट प्रदेश अनुगमन इकाई गठन भएको ।
- मिति २०८२/०२/१८ देखी २०८२/०२/२२ सम्म देहायका कार्यालयहरुको सूचनाको हक सम्बन्धि ऐन कार्यान्वयनको अवस्थाको अनुगमन गरिएको ।
  - यातायात व्यवस्था कार्यालय, वीरगंज, पर्सा
  - प्रदेश स्वास्थ्य तालिम केन्द्, बारा
  - पर्यटन विकास कार्यालय, वीरगंज
  - उद्योग विभाग, वीरगंज
  - घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सा
- मिति २०८३/०३/०२ देखी ४ गते सम्म प्रदेश सरकारका सबै मन्त्रालय, आयोग, सचिवालयलाई बेवसाइट व्यवस्थापन, अद्यावधिक तथा सञ्चालन सम्बन्धि तालिम सञ्चालन गरिएको ।
- मिति २०८३/०३/२३ गते मधेश प्रदेशका सबै स्थानीय तहका सूचना प्रविधि अधिकृहरुलाई बेवसाइट व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन गरिएको।

**६.३ कानुनी महाशाखा अन्तर्गत भएका कार्यहरु**

**लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा दर्ता गराइएका मुद्दाहरुः**

| क्र.स | मुद्दाको प्रकृति/विषय | मुद्दाको संख्या | कैफियत |
|---|---|---|---|
| १. | प्रदेश लोक सेवा आयोगले खुलाएको बढुवा विज्ञापन र सो को दर्खास्त सम्बन्धमा | २५ | |
| २. | बढुवा सम्बन्दी विषयमा | २४ | |
| ३. | सरुवा सम्बन्धी विषयमा | १५ | |
| ४. | पदाधिकारी नियुक्ति सम्बन्धमा | ५ | |

| | | | |
|---|---|---|---|
| ५. | कार्यक्रमा सञ्चालन/निर्माण कार्य र सो को भुक्तानी सम्बन्धमा | १६ | अन्य मन्त्रालय र कार्यालयको मुद्दाहरु |
| ६. | अदालतको अवहेलना सम्बन्धी विषयमा | २ | |
| ७. | अनिवार्य अवकाश सम्बन्धी विषयमा | ३ | |
| ८. | अन्य प्रकृतिका मुद्दाहरु | ४ | |

कानूनी राय प्रदान गरिएको फाइलहरु/विषयहरुः

| क्र.स | फाइलको प्रकृति/विषय | मुद्दाको संख्या |
|---|---|---|
| १. | मधेश प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका उम्मेदवारको नियुक्ती तथा पदस्थापन सम्बन्धी विषयमा | ३ |
| २. | मधेश प्रदेश लोकसेवा आयोगबाट वैकल्पिक उम्मेदवार सिफारिस भएका उम्मेदवारको नियुक्ती तथा पदस्थापन सम्बन्धी विषयमा | २ |
| ३. | निलम्बन भएका कर्मचारीलाई अदालतको सफाई फैसला पश्चात कार्यालयमा हाजिर गराउने सम्बन्धी | २ |
| ४. | कार्यालयमा विना जानकारी कर्मचारी गयल भएको र उक्त कर्मचारीलाई हाजिर गराउने सम्बन्धी कानूनी राय | १ |
| ५. | विभिन्न स्थानीय तहबाट दैनिक र प्रशासनिक कार्यसम्पादनमा परेका कानूनी दुविधा र पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धि कानूनी राय माग भई आएको | ५ |
| ६. | कार्यालय समयमा कर्तव्य निर्वाह गर्ने क्रममा दुर्घटनामा परी ज्यान गुमाउनेहरुको सेवा सुविधा सम्बन्धि | ३ |
| ७. | कार्यालयको खरिद सम्बन्धी | १ |
| ८. | प्रदेश लोकसेवा आयोगको, प्रदेश नीति तथा योजनाको पदाधिकारीहरुको नियुक्ती सिफारिस सम्बन्धि | ३ |
| ९. | अनिवार्य अवकाश सम्बन्धी विषयमा | ३० |
| १०. | अध्ययन बिदा सम्बन्धमा | ५ |
| ११. | स्वेच्छिक अवकाशमा | १० |
| १२. | एक श्रेणी बढुवा पश्चातको अनिवार्य अवकाश | ६ |
| १३. | पदाधिकारीहरुको सचिवालय सुविधा र कर्मचारी सम्बन्धि | १ |
| १४. | मन्त्रालयको दैनिक र प्रशासनिक कार्यसम्पादनका लागि दिईएको कानूनी राय | अनगिन्ति |
| १५. | का.स.मू., छुट का.स.मू. बढुवा र स्तरवृद्धि | २ |
| १६. | अन्य प्रकृतिका मुद्दाहरु | १५ |

ऐन/नीति/नियम/नियमावली तर्जुमा संशोधन तर्फः

| क्र.स | ऐन/नीति/नियम/नियममावली | तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १. | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ | उक्त ऐनको विभिन्न दफाहरुमा संशोधनको लागि संशोधन बिधेयक मस्यौदा र संशोधनको तीन महले तयार गरी सुझावको लागि पेश गरिएको | |
| २. | कार्यविभाजन नियमावली,२०८३ को मस्यौदा | अध्ययन, राय परामर्शका लागि विषयगत मन्त्रालयमा पत्राचार | |

७. कार्यालयको प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको विवरण

प्रवक्ता

नाम- पार्वति शर्मा

पद- प्रदेश सचिव

सम्पर्क नं.- ९८५४०३४८१४

सूचना अधिकारी-

नाम- रोहित कुमार कोइराला

पद- उपसचिव

सम्पर्क नं.-९८५४०६०५६१

गुनासो सुन्ने अधिकारी

नाम- बबली मेहता

पद- उपसचिव

सम्पर्क नं.-९८५४०३४८११

८. आर्थिक विवरण सम्बन्धि विवरण

कार्यालयको आ.ब. २०८२/८३ को समग्र बित्तिय प्रगतिको अवस्था

| विवरण | बिनियोजन रकम | हाल सम्मको खर्च | प्रतिशत | कैफीयत |
|---|---|---|---|---|
| चालु | १४८०००००० | ७०६६१६०५.७३ | ४७.७४ % | |
| पूजिंगत | ५५०००००० | ७४२८८९८.०० | १३.५ % | |
| जम्मा | २०३०००००० | ७८०९०५०३.७३ | ३८.४६ % | |

आ.ब. २०८२/८३ मा राजश्व, धरौटि सम्बन्धि विवरण

| विवरण | आ.ब. २०८२/८३ | | | | कैफीयत |
|---|---|---|---|---|---|
| राजश्व | १,९४,९२,१२४ | | | | |
| | आ.ब. २०८१/८२ सम्म | २०८२/८३ | २०८२/८३ मा फिर्ता | बाँकी | |
| धरौटी | ४,३७,९९,६२४ | १,२९,६२२ | ३,३२,०९५ | ४,३५,९७,१५१ | |

९. कार्यालयको वेवसाइट- **ocmcm.madhesh.gov.np**

१०. गुनासो व्यवस्थापन- **hello Sarkar** बाट प्राप्त गुनासोहरुको सम्बोधन र यस कार्यालयको **email** मार्फत प्राप्तहुने गुनासोहरुको व्यवस्थापन हुने गरेको।